नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ।

फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- 3६०६

मिति :२०७५/१२/२६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

गृह मन्त्रालयको च.नं.२८२ मिति २०७५/१२/१५ को पत्रानुसार मिति २०७५/१२/१४ को राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र,गृह मन्त्रालयमा बिषयगत क्षत्रको नेतृत्व र सह नेतृत्व लिने निकाय तथा विपद सम्पर्क ब्यक्तिहरु बीच भएको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ को निर्णय कार्यान्वयन गरिदिनु भनि लेखि आएकोले सो बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

(रिनु थपलिया )
शाखा अधिकृत

बोधार्थ
श्री गृह मन्त्रालय ,सिंहदरबार काठमाडौं ।
श्री सूचना तथा बिद्युतीय शासन शाखा : यसै बमोजिमको पत्र वेभसाईटमा राखि दिन हुन

वा.ता/वि ०७४।२/॥

नेपाल सरकार
# गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा
(राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र)

फोन नं. ०१-४२००२५८, ४२०(
४२००१०५, ४२००२
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- 1149
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOffic
twitter :- @NEOCOfficial
सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७५।१२।

पत्र संख्या:- ०७५।७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २८८

नेपाल सरकार गृह मन्त्रालय

विषय: निर्णय कार्यान्वियन सम्बन्धमा ।

दर्ता नं.:- १६५०५
मिति:- ०७५।१२।१

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरवार, काठमाण्डौ ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा मिति २०७५।१२।१४ गतेका दिन राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र, मन्त्रालयमा विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा विपद् सम्पर्क व्यक्तिहरुबीच भएको मनसुन तयारी तथा प्रतिकार्य योजना २०७६ बैठकको छलफल तथा निर्णय यसैसाथ संलग्न राखि पठाइएको छ । तहाँ कार्यालयबाट समन्वय हुने प्रदेश/स्थानीय तहमा उक्त निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय गरिदिन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ:**
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
सबै प्रदेशहरु ।

सुशील कुमार भण्डारी
शाखा अधिकृत

# मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६

## तयारी बैठकका निर्णयहरु

गृह मन्त्रालय

मिति २०७५ चैत्र १४ गते

**सहभागीहरु:** विषयगत क्षेत्रका नेतृत्व र सह-नेतृत्वकर्ता तथा सरोकारवाला निकायहरु

**छलफलका विषयहरु:**

- शीतलहरको समिक्षा
- आगलागी प्रतिकार्य
- मनसुन पूर्वतयारी कार्ययोजना
- DIMS मा पृष्ठपोषण संकलन

नेपालमा यसवर्ष चिसो र हिमपातका कारण जनजीवन कष्टकर भई केहीको मृत्यु हुनुका साथै आर्थिक क्षति भएको छ। आगलागी तथा वन डढेलोका घटनाहरुबाट मानवीय, भौतिक तथा वातावरणीय प्रभावको सामना हामीले गरिरहेका छौं । अब मनसुनको समय नजिकिरहेको अवस्थामा संभावित विपद्को क्षति न्यूनिकरणका लागि आवश्यक पूर्वतयारी गर्नुपर्ने जरुरी छ ।

अत: विपद् सम्मुखताबारे सचेतना अभिवृद्धि गर्दै सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गरी आगलागी नियन्त्रण तथा बाढी, पहिरो, डुबान रोकथाम र उद्धार तथा राहतको कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउनका लागि सम्बन्धित संघीय, प्रदेश तथा स्थानीय तहका विषयगत मन्त्रालयहरु तथा मातहतका विभागहरु, विपद् व्यवस्थापन समितिहरु, कार्यालयहरु लगायत मानवीय सहायताका क्षेत्रमा काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरुले आपसी सहकार्य गरी आवश्यकता अनुसार विभिन्न किसिमका व्यवस्थाहरु मिलाउनु पर्ने देखिन्छ ।

१. आगलागी तथा बाढी, पहिरो जस्ता विपद्का घटना र सो बाट हुन सक्ने सम्भावित जोखिम र क्षतिका सम्बन्धमा जनचेतना फैलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि

समन्वय गर्ने निकायलाई अनुरोध तथा मातहतका जिल्ला तथा स्थानीय तहमा रहेका निकाय तथा कार्यालयहरुलाई विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने निर्देशन दिने ।

२. प्रदेश र स्थानीय स्तरमा पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, आवश्यक आपतकालीन उद्धार तथा राहत क्षमता विकास गर्न अनुरोध गर्ने ।

३. जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले आगलागी तथा वाढी, पहिरोको प्रभावबाट सुरक्षीत रहने उपायहरुको सम्वन्धमा विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु समेतलाई आमन्त्रण गरी पूर्वतयारी र पूर्व प्रवन्ध सम्बन्धी बैठक तुरुन्तै राख्न पत्राचार गर्ने । विपद् व्यवस्थापनको क्षेत्रमा सम्वन्धित जिल्लामा रहेका विभिन्न निकाय तथा संघ-संस्थाहरुलाई वाढी, पहिरो रोकथाम तथा उद्धारसम्वन्धी पूर्व तयारीमा सक्रिय गराउने । सबै जिल्लाहरुलाई मनसुन सम्बन्धी कार्य योजना वनाई संभावित जोखिमलाई न्यूनीकरण गर्न तयारी अवस्थामा रहन लगाउने ।

४. आगलागी तथा वन डढेलोका घटनाहरुबाट मानवीय, भौतिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहायताका क्षेत्रमा कार्यरत संघ संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु थप सक्रिय रहन अनुरोध गर्ने। विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आ-आफ्ना क्षेत्रबाट भइरहेका काम कारवाहीहरुलाई थप प्रभावकारी वनाउने ।

५. मनसुनका समयमा हुन सक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकारका सरोकारवाला मन्त्रालयहरु तयारी अवस्थामा रहन तथा प्रदेश स्तरीय मन्त्रालय र स्थानीय सरकारलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने ।

६. संभावित विपद्का घटनाका समयमा र घट्ना पश्चात आईपर्ने स्वास्थ्य सम्बन्धी अवस्थालाई काबु वाहिरको परिस्थितिमा जान नदिन आवश्यक उपकरण तथा औषधीहरुको पर्याप्त व्यवस्था सहित जनशक्ति तयारी अवस्थामा राख्न र राख्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

७. मनसुनको समयमा हुनसक्ने संभावित जोखिमलाई न्यूनीकरण गर्न Cluster lead and co-lead निकायहरुबाट Cluster-wise कार्ययोजना, Humanitarian Country Team र Nepal Red Cross Society ले आआफ्नो कार्ययोजना Emergency items stockpile र Resource Mapping सहित तयार पारी सो को आगामी वैशाख पहिलो हप्तामा गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने ।

८. मनसुनका समयमा

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने । यस कार्यमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले आ-आफ्ना मातहतका निकायहरुलाई सक्रिय बनाई Life Line लाई तत्काल सुचारु गर्ने व्यवस्था मिलाउने ।

९. विपद्का समयमा प्रयोग हुने सामग्रीहरु सहितको आपत्कालीन कार्य योजना बनाई संयुक्त राष्ट्र संघीय निकायहरुले संयुक्त राष्ट्र संघीय मानवीय संयोजकको कार्यालयमार्फत १५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने । त्यसै गरी नेपाल रेडक्रस सोसाइटीले केन्द्र तथा जिल्लाहरुमा आफ्ना गोदामहरुमा रहेका सामाग्रीहरुको पछिल्लो अध्यावधिक विवरण गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र र सम्बन्धित जिल्लाको जिल्ला विपद् व्यवस्थापन समिति लाई १५ दिन भित्र उपलब्ध गराउने ।

१०. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई सम्भावित विपद्लाई मध्यनजर गरी विभिन्न रणनीतिक स्थानहरुमा तालिमप्राप्त जनशक्ति राख्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

११. जल तथा मौसम विज्ञान विभागलाई जल तथा वर्षा मापन केन्द्रमा रहेका जल तथा वर्षा मापन सामग्रीहरुलाइ चालु अवस्थामा राख्न अनुरोध गर्ने । पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउन उक्त विभागबाट मनसुनको समयमा प्राप्त हुने सूचनालाई दुरसंचार सेवा प्रदायक निकाय जस्तै NTC र NCELL आदि मार्फत प्रवाह गरी सो सूचनालाई धेरै भन्दा धेरै जनतामा सम्प्रेषण गरी जनधनको क्षतिलाई न्यून बनाउने र यस कार्यमा सहयोग पुर्याउन संचार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने ।

१२. DIMS को विकास कार्यमा सहभागीहरुको सुझावहरुलाई समेट्दै यो साझा विपद् व्यवस्थापन प्रणालीलाई सबै प्रदेश तथा स्थानीय तह र सम्बन्धित निकायहरुले प्रयोग गरी आआफ्नो सूचना व्यवस्थापन गर्नका लागि सहभागी निकायहरुले क्षमता अभिबद्धिमा आवश्यक सहयोग गर्ने ।